नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(........................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

मिति : २०७८/५/१३

**विषय :- कोभिड १९ संक्रमणको दोस्रो राष्ट्रिय सेरोप्रिभ्यालेन्स सर्भेक्षणको नतिजा सम्बन्धमा प्रेस विज्ञप्ति ।**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड १९ संक्रमणको अवस्थालाई सूक्ष्म विश्लेषण गरी आवश्यक कार्ययोजना बनाउने उद्देश्यले देशभरीका ६ महिना भन्दा बढी उमेरका व्यक्तिहरुलाई समेटी २०७८ असार २१ गते देखि साउन ३० गतेसम्ममा संकलित नमूनाहरु मध्ये १३,१६१ जनाको परिक्षण गरी विश्लेषण गरिएको थियो । यस सर्भेबाट प्राप्त प्रारम्भिक नतिजा अनुसार देशभरी ६८.६ प्रतिशत नमूनामा कोभिड १९ एन्टिवडी देखिएको छ । त्यस्तै सातै प्रदेश, हिमाल, पहाड, तराई, गाउँ, शहरका सबै लिंग, उमेर, पेशा, तथा सवै समूहमा लगभग समान रुपमा नै एन्टिवडी देखिएको छ । एक मात्रा मात्र खोप लगाएका व्यक्तिहरु ८० प्रतिशतमा र पूर्ण मात्रा खोप लगाएका ९० प्रतिशतमा एन्टिवडी देखिएको छ जसले हामीले लगाईराखेका खोपहरु अत्यन्त प्रभावकारी रहेको देखिन्छ ।

भाईरसले आफ्नो रुप परिवर्तन गरिरहने जोखिम कायमै रहेकोले संक्रमणको रोकथाम, नियन्त्रण गर्नु नै एक मात्र प्रभावकारी उपाय हो । जुन हालको अवस्थामा समेत निकै सान्दर्भिक छ । अतः भौतिक दूरि कायम गर्ने गराउने, भिडभाड नगर्ने नगराउने, घर बाहिर निस्कनै पर्ने भएमा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गराउने, सरसफाईमा ध्यान दिने र आफ्नो पालो अनुसार कोभिड १९ विरुद्धको खोप लगाउनु पर्दछ ।

कोभिड १९ संक्रमणसँग मिल्दोजुल्दो कुनै पनि लक्षण भएमा आफ्नो स्थानीय तहसँग सम्पर्क गरी निःशुल्क परिक्षण गर्न गराउनुहुन वा नजिकको सरकारी स्वास्थ्य संस्था/प्रयोगशालामा निःशुल्क परिक्षण हुने व्यवस्था समेत रहेको व्यहोरा अनुरोध छ । आफू संक्रमण पुष्टि भएमा विगत सात दिन भित्र आफ्नो सम्पर्कमा आएका व्यक्तिहरुलाई अलगै वस्न तथा नियमित निगरानीमा रहन र कुनै पनि स्वास्थ्य समस्या हुने बितिकै परिक्षण गर्न र स्वास्थ्यकर्मीको सम्पर्कमा आउन जानकारी गराउनुका साथै आफू १० दिन आईसोलेसनमा वसी स्वास्थ्यकर्मीको निगरानीमा रहनु हुन अनुरोध छ ।

हामी सवैको सामूहिक जिम्मेवारीले मात्रै यो महामारीलाई नियन्त्रण गर्न सकिन्छ ।

२०७८/५/१३

डा.कृष्णप्रसाद पौडेल

प्रवक्ता